# नौबहिनी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लुङ बाहाने प्यूठान

## तेस्रो त्रैमासिक समीक्षा कार्यक्रम २०८२

<u>प्रस्तुत गर्ने :</u>

खड्ग वि.क.

प्रमुख प्रशासकीय अधिकृत

# तेस्रो त्रैमासिक समीक्षा

**पृष्ठभुमिः**

आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र लक्षित राजश्व संकलनको प्रगति समीक्षा गर्ने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रममा २०८२ मंसिर १ देखि २०८२ फागुन मसान्तसम्म नौबहिनी गाउँपालिका र मातहतका निकायबाट सम्पादन गरिएका कार्यहरुको संक्षिप्त विवरणल यहाहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धन सम्बन्धी नौबहिनी गाउँपालिकाबाट देहायबमोजिमका कार्यहरु सम्पादन गरिएको छ।

**प्रशासन शाखातर्फ :**

- यस आ.व.को दोश्रो चौमासिक अवधिमा ५ वटा कार्यपालिका बैठक र गाउँसभाको हिउँदे अधिवेशनको १ वटा बैठक व्यवस्थापन तथा बैठकका निर्णयहरु कार्यान्वयन गरिएको छ ।
- कर्मचारी प्रशासन सम्बन्धी नियमित कार्यहरु सञ्चालन भएका छन ।
- गाउँपालिका र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरूको मासिक हाजिरी संकलन, प्रमाणीकरण र सोही आधारमा तलबी प्रतिवेदन तयार गर्ने गरिएको ।
- कार्यालयमा प्राप्त हुने आधिकारिक पत्रहरूको दर्ता गर्ने र बाहिर जाने पत्रहरूको चलानी गरी व्यवस्थित अभिलेख राखिएको छ।
- आम निर्वाचनलाई स्वच्छ,निष्पक्ष र मर्यादित रूपमा सम्पन्न गर्न गाउँपालिका अन्तर्गतका कर्मचारीहरूको खटपटन, अभिमूखीकरण लगायतका कार्यहरु गरिएको छ।
- नियमिति रुपमा स्टाप बैठक बसी सेवा प्रवाह र अन्य नागरिक सरोकारका विषयमा छलफल गरी समाधान खोज्ने गरिएको छ।
- प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको।

पूर्वाधार विकासतर्फः

- ❖ यस आ.व.मा कार्यान्वयन हुने जम्मा २१८ वटा पूर्वाधार विकास सम्बन्धी योजनाहरु मध्ये १९४ वटा उपभोक्ता समिति मार्फत र २४ वटा ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने गरी कार्यसञ्चालन भइरहेको छ । जसमध्ये हालसम्म ८८ वटा योजना सम्पन्न भएका छन् भने ७० वटा योजनाको फरफारक समेत भइसकेको छ ।
- ❖ ठेक्का प्रक्रियाबाट कार्यान्वयनमा रहेका २४ वटा योजना मध्ये ४ वटाको प्रथम रनिङ बिल भुक्तानी भएको छ भने १ वटा योजनाको दोश्रो रनिङ बिल समेत भुक्तानी भएको छ ।
- ❖ पूर्वाधार विकास तर्फ कार्यान्वयनमा रहेका केही महत्वपूर्ण योजनाहरु देहाय बमोजिम छन् ।

  देहाय :

  - ➢ चिसापानी–लिघा–पिनारा–फाउने पोखरी सडक (वडा नं २)
  - ➢ वालीपुक–वडा कार्यालय देउराली सडक (वडा नं ४)
  - ➢ चिसापानी–गावै–डामृ र बहाने–सिर्प–रोल्पा जोड्ने सडक (वडा नं ५)
  - ➢ बहाने–लुङ्ग–तुषारा सडक (वडा नं ६)
  - ➢ बल्ले–मैराबारे सडक (वडा नं ७)
  - ➢ घोवाङ्गे–पोखरा–थात्रा, थात्रा–करङ्गे, अमिले–स्याउले सडक (वडा नं ७)
  - ➢ ढावाङ मन्दिर–धारा सडक (वडा नं ३)
- ➢ गुरुभक्त आधारभुत विद्यालयः ४ कोठे भवन
- ➢ लुपलङ्ग मा.वि.: ४ कोठे भवन
- ➢ ने.रा.मा.वि. गोगनपानीः ४ कोठे भवन
- ➢ गावै मा वि ४ कोठे भवन
- ➢ ठाकुरभुमी आधारभुत विद्यालयः २ कोठे भवन
- ➢ वडा नं ५ को वडा कार्यालय भवन
- ➢ ३ करोड ३८ लाख लागत अनुमान ( गत आ.वा २ करोड ) मा निर्माण कार्य भैरहेको न्याल खोला/स्याउले खोला खानेपानी योजना (वडा नं ७ )

यसरी यस आ.व.को अन्त्य सम्म करिब ८ किलोमिटर नयाँ सडक ट्र्याक निर्माण, करिब ५ किलोमिटर सडक कालोपत्रे र ८५० मिटर आर.सि.सि. ढलान गर्ने लक्ष्य रहेको छ । यसै आ.व.मा सामुदायिक विद्यालय तर्फ १८ वटा नयाँ कक्षाकोठा थप हुनेछन ।

**महिला बालबालिका तथा समाज कल्याण शाखा :**

यस शाखा अन्तर्गत दोश्रो चौमासिक समयावधिमा देहाय बमोजिमका कार्यहरु सम्पादन भएका छन् ।

देहाय :

- महिला संजाल नेतृत्व तथा क्षमता विकास तालिम सञ्चालन गरिएको ।
- शारीरिक अपाङ्गता सहायता सम्बन्धी शिविर सञ्चालन गरिएको ।
- बालबिबाह न्यूनीकरण सम्बन्धी जुना फिल्म प्रदर्शन सहित विद्यार्थीसँग अन्तरक्रिया कार्यक्रम २ वटा विद्यालयमा सञ्चालन गरिएको ।
- ८ वटै वडामा अन्तराष्ट्रिय नारी दिवस विभिन्न कार्यक्रम सहित भव्य र सभ्य रुपमा मनाइएको ।
- लैंगिक हिंसा विरुद्व १६ दिने अभियान कार्यक्रम गाउँपालिका कार्यालय परिसरभित्र विभिन्न नारासहितको र्‍यालि साथसाथै कोणसभा गरि सम्पन्न गरिएको छ ।
- राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा पालिका स्तरीय जेष्ठ नागरिक समन्वय समिति बैठक सञ्चालन गरि जेष्ठ नागरिकहरुबिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको
- १८ जना नागरिकलाई अपाङ्गता परिचयपत्र वितरण
- १ वटा सहकारीको दर्ता नविकरण गरिएको
- ११ वटा संस्था तथा क्लबहरुको दर्ता नविकरण गरिएको छ भने १ वटा नयाँ संस्था दर्ता गरिएको छ ।
- १ जनालाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको

## स्वास्थ्य शाखातर्फः

- नौवहिनी गाउँपालिकाको विभिन्न वडाहरुमा गर्भबति महिलाहरुको रक्तपरीक्षण, भिडियो एक्सरे र सम्मान कार्यक्रम संचालन गरिएको । जसमा ३१७ जना गर्भबतिहरुको भिडियो एक्सरे र २४० जना गर्भबतिहरुको रक्तपरीक्षण गरिएको छ । समस्या देखिएका गर्भबतिहरुलाई थप उपचारका लागि प्रेषण गरिएको छ।
- डेलीभरीका लागि प्रेषण हुने १०४ जना सुत्केरी आमाहरुलाई एकोहोरो एम्बुलेन्स भाडा बापत जम्मा रु ४३४०० रकम भूक्तानी गरिएको छ ।

- निको नहुने घातक रोगको उपचार गरिरहेका २७ जना नागरिकले मासिक ५०००।- का दरले जम्मा रु ५४००००।- (दोश्रो चौमासिक अवधीमा) औषधि उपचार खर्च प्राप्त गर्नुभएको छ ।
- आईपासको सहयोगमा सुरक्षित गर्भपतन सम्बन्धी २ जना स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरि सेवा सुचारु गरिएको ।
- अन्धनाशक मा.वि. लिघा, जनज्योती आ.वि. डाडाकटेरी र अम्बिका मा.वि. फोप्लीका ४२८ जना किशोरीहरुलाई आईरन फोलिक एसिडको बारेमा स्वास्थ्य शिक्षा प्रदान गरी रक्तअल्पता परीक्षण गरिएको ।
- ३९४ जना नागरिकलाई पूर्ण खोप सेवा प्रदान गरिएको ।
- सबै स्वास्थ्य संस्थाहरुबाट २६५०० जना नागरिकलाई बिभिन्न प्रकारको स्वास्थ्य सेवा प्रदान गएिको ।
- ४६१ जना गर्भबतिहरुलाई गर्भ जाँच सम्बन्धी सेवा प्रदान गरिएको छ भने २३७ जनाले संस्थागत प्रसुति सेवा लिनु भएको छ ।
- यस अवधिमा १९ जना घरैमा प्रसुति भएको छ भने २० बर्ष भन्दा कम उमेरका गर्भबति करिब २० प्रतिशत रहेका छन यसका साथै बालविवाह यस गाउँपालिकाको मुख्यम सामाजिक समस्याको रुपमा रहेको छ ।
- संस्थागत प्रसुति बढाउनका लागि ३० थान स्ट्रेचर र ८० थान लाईट वडास्तरमा बितरण गएिको ।
- ३७८ जना किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्धको HPV खोप प्रदान गरिएको ।
- २२२ जना महिलाहरुको स्तन क्यानसर, पाठेघरको क्यानसर (VIA) जाँच र पाठेघर खस्ने समस्याको उपचार गरिएको छ भने ८ जना महिलाहरुलाई थप उपचारका लागि प्रेषण गरिएको ।
- ३० वर्ष माथीका ३३३८ जना व्यक्तिहरुमा नसर्ने रोगहरुको स्क्रिनिङ गरिएको छ। जसमा ७९१ जनामा उच्च रक्तचाप, ३३६ जनामा रगतमा उच्च मात्रामा चिनी र ७० जनामा पिसाबमा प्रोटिनको मात्रा देखिएको छ । जसलाई न्यूनिकरण गर्नको लागि समुदायमा यस किसिमको कार्यक्रम निरन्तर गर्नुपर्ने देखिन्छ ।

- ८० वर्ष माथीका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्ग र अति अशक्त अपाङ्ग अपाङ्गता भएका ४४० जना नागरिकहरुको घरैमा पुगि औषधी उपचार गरिएको  छ।

**शिक्षा, युवा तथा खेलकूद विकास शाखाः**

यस आ.व.मा शिक्षा युवा तथा खेलकूद विकास शाखा तर्फ रु २३ करोड ५२ लाख ३८ हजार ५ सय रकम बिनियोजन भएको छ । जस अन्तरगत १९ करोड ५९ लाख ८७ हजार संघीय सशर्त अनुदान र ३ करोड ९२ लाख ५१ हजार ५ सय गाउँपालिका तर्फको बजेट रहेको छ । नौबहिनी गाउँपालिका भित्र ११ वटा मा.वि., ८ वटा आ.वि. र २० वटा प्रा.वि. गरी जम्मा ३९ वटा सामुदायिक विद्यालयहरु छन् भने ३ वटा संस्थागत विद्यालयहरु रहेका छन् । गाउँपालिका भित्र स्थायी, अस्थायी करार, राहत र गाउँपालिका अनुदान गरी जम्मा ३८३ जना शिक्षक कर्मचारी कार्यरत छन् । गाउँपालिका भित्र ४५०० जना छात्र र ४४१३ जना छात्रा गरि जम्मा ९२१३ जना विद्यार्थीहरु अध्ययनरत छन् । यस शाखा अन्तर्गत -

- मगर खाम भाषालाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने सम्बन्धी सरोकारवालाहरु समक्ष अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
- विभिन्न विद्यालयहरुको अनुगमन, अवलोकन गरि शिक्षक कर्मचारीको बिचमा अन्तरक्रिया तथा पृष्ठपोषण प्रदान गर्ने कार्य गरिएको छ ।
- सि सि क्यामेराको प्रयोग गरि गाउँपालिकाबाटै विद्यालयको अनुगमन गर्ने गरिएको ।
- विद्यालयको लेखा अभिलेखाङ्कनका लागी SAS सफ्टवर प्रयोगमा ल्याइएको ।
- कक्षा ८ र ५ को परीक्षा गाउँपालिका स्तरबाट संचालन गरि हाल नतिजा समेत प्रकाशन गरिएको ।
- नियमित रुपमा मासिक प्र अ बैठक संचालन गरिएको ।
- राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता र अध्यक्ष कप संचालन गरिएको ।
- प्रथम र दोश्रो त्रैमासिक तलब भत्ता तथा दिवा खाजा सम्बन्धी रकम विद्यालयको खातामा निकासा गरिएको छ भने तेश्रो त्रैमासिकको निकासाको तयारीमा रहेको छ ।

**कृषि विकास शाखाः**

चालु आ.व.मा कृषि विकास शाखातर्फ देहायका कार्यहरु सम्पादन गरिएको छ ।

- मकैको बिउ उत्पादन कार्यक्रम निरन्तरता लागि साना किसान सहकारीसँग सम्झौता गरी कार्यान्वयनमा रहेको ।
- व्यवसायिक फलफूल खेति सम्भाव्यता अध्ययन तथा बिस्तार कार्यक्रम अन्तर्गत हिउँदे फलफूल दाँते ओखर बगैचा निर्माणका लागि १२२० वटा बिरुवा बितरण गरिएको ।

- विदेशबाट फर्केका युवा लक्षित कृषि उद्धम बिकाश कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
- किसानको मागमा आधारित कार्यक्रम कार्यान्वनको लागि सूचना प्रकाशन गरिएको।
- तरकारी मिनिकिट वितरण कार्यक्रम सम्पन्न गरिएको छ।
- आ.व. २०८१/८२ मा स्थापना भएका पकेट विकास निरन्तरता कार्यक्रम संचालनमा रहेका छन् ।

## पशुपन्छी विकास शाखाः

चालु आ.व.मा नौवहिनी गाउँपालिका पशुपन्छी विकास शाखातर्फ २८ लाख ५० हजार बजेट बिनियोजन भएको छ। जस अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चलानमा रहेका छन् ।

- हालसम्म ३२०९ वटा बिरामी पशुको उपचार गरिएको छ।
- किसानको माग अनुसार नियमित रुपमा गोवर परीक्षण गरिएको छ ।
- आन्तरीक तथा वाह्य परजिवि विरुद्ध औषधी वितरण निरन्तर रुपमा भइरहेको छ।
- रेविज रोग विरुद्ध ४३ वटा कुकुरलाई भ्याक्सिनेसन गरिएको छ।
- अन्य रोग तथा समस्याहरुको फिल्ड स्तरमा पुगी सेवा प्रवाह गरिएको छ ।
- किसानको उत्पादन गाउँसरकारको अनुदान कार्यक्रम अन्तर्गत १२ वटा फर्महरुले बोका तथा खसी उत्पादन कार्य उत्साहजनक तरिकाले गरिरहेका छन् ।
- ८ जना व्यक्तिलाई बन्ध्याकरण सम्बन्धी पुन: ताजगी तालिम सञ्चालन गरी आवश्यक उपकरण वितरण गरिएको छ ।
- सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत दुध संकलनको कार्य निरन्तर रुपमा भइरहेको छ ।
- निशुल्क कृतिम गर्भाधान सम्बन्धी सेवा निरन्तर रुपमा सञ्चालन भइरहेको छ ।
- रु ५ लाख लागत बराबरको मत्स्यपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम नौबहिनी १ स्याउलिबाङमा गाउँपालिका र किसानको ५०/५० प्रतिशत लागत साझेदारीमा सञ्चालन भइरहेको छ ।
- PPR र FMD रोग विरुद्ध हालसम्म १८०० खोप प्रदान गरिएको छ।

## आयुर्वेद शाखाः

हाल सम्म लुङ र बाहानेबाट **११८८** जना महिला र **१३३५** जना पुरुष गरी जम्मा **२५२३** नागरिकलाई आयुर्वेद सम्बन्धी औषधी उपचार तथा सेवा प्रदान गरिएको।

## लघु उद्यम शाखाः

२० जनाको लागि सिलाइकटाइ सम्बन्धी एड्भान्स तालिम, ८ जनाको लागि ब्युटी पार्लर सम्बन्धी तालिम सञ्चालन भइरहको, १२ जनाको लागि मकैको खोस्टाबाट फूल बनाउने सम्बन्धी तालिम, १२ जनाको लागि अचार बनाउने सम्बन्धी सिप विकास तालिम सञ्चालन गरी उद्यमशिलता प्रवर्द्धन र सीप विकास सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ।

**आर्थिक प्रशासन शाखाः**

चालु आर्थिक वर्षको लागि कुल ५६ करोड २० लाख ६४ हजार २ सय ६६ दशमलब ३ रूपैया बजेटको प्रक्षेपण गरिएकोमा हालसम्म चालुतर्फ ४४.४७, पुजिगततर्फः ३४.५७ र समग्रमा ४१.३१ प्रतिशत वित्तीय प्रगति रहेको छ। यस आवमा गाउँपालिकाको कुल आम्दानी देहाय बमोजिम रहेको छ।

| क स | स्रोत | प्रक्षेपित वजेट | हालसम्मको आम्दानी | कैफियत |
|---|---|---|---|---|
| १ | **संघिय सरकार** | **५०,३०,०८,१२०** | **३१,५५,३३,६६९** | |
| | वित्तिय समानिकरण | १०,८१,००,००० | ७,७९,१२,०८० | |
| | राजश्व वाडफाट | ११,५१,०८,१२० | ७,६५,८७,२८१ | |
| | शसर्त अनुदान | २४,८४,००,००० | १५,३३,१९,००० | |
| | विशेष अनुदान | १,२७,००,००० | १४,७८,२०७ | |
| | समपुरक अनुदान | १,८७,००,००० | ६२,३७,१०१ | |
| २ | **प्रदेश सरकार** | **३,६८,०२,०००** | **१,७८,९९,१९३** | |
| | वित्तिय समानिकरण | ७१,०९,००० | ३५,५४,५०० | |
| | राजश्व वाडफाट | १,०१,९३,००० | ६४,२६,१८८ | |
| | शसर्त अनुदान | १,००,००,००० | ६६,००,००० | |
| | विशेष अनुदान | २०,००,००० | ० | |
| | समपुरक अनुदान | ७५,००,००० | १३,१८,५०५ | |

| क स | स्रोत | प्रक्षेपित वजेट | हालसम्मको आम्दानी | कैफियत |
|---|---|---|---|---|
| ३ | **आन्तरिक आयतर्फ** | **२,२२,५४,१४६** | **१,३२,३३,०५०** | |
| | अल्या | ८२,२९,१४६ | ८२,२९,१४६ | |
| | आन्तरिक राजश्व | १,२५,२५,००० | ४७,३०,५८१ | |
| | राजश्व वाडफाट (मालपोत) | १५,००,००० | २,७३,३२३ | |

**आर्थिक प्रशासन तर्फ :**

- भूक्तानी प्रणाली पूर्णतया EFT मार्फत हुने गरेको
- वित्तीय अनुशासन कायम तथा प्रचलित आर्थिक ऐन नियमको परिधिमा रहि खर्च लेख्ने गरिएको ।
- सामाजिक सुरक्षा भत्तालाई समेत पूर्णतया बैकिङ्ग प्रणाली अवलम्बन गरिएको।
- आन्तरिक राजश्व दाखिला समयमै हुने व्यवस्था गरिएको।

**<u>पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखाः</u>**

यस आ.व. को प्रथम र दोस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण कार्य सम्पन्न गरिएको छ। घटनादर्तातर्फः

जन्मदर्ता : पुरुष : ४६४, महिला : ४५०, जम्मा : ९१४

मृत्युदर्ता : पुरुष : १३०, महिला : ९०, अन्य : १, जम्मा : २२१

विवाहदर्ता : ३१४

सम्बन्धबिच्छेद दर्ता : ३०

बसाइसरी आएको दर्ता : ४ वटा दर्ता १५ जना संख्या

बसाइसरी गएको दर्ता : ३७ वटा दर्ता १७४ जना संख्या

जम्मा घटना दर्ता : १५२०

**<u>आन्तरिक लेखापरिक्षण शाखा</u>**

- प्रथम र दोस्रो त्रैमासिकको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेश भएको र तेस्रो त्रैमासिकको लेखापरिक्षण कार्य भइरहेको छ।

**राजस्व संकलन तर्फ**

- १ करोड १० लाख २५ हजार राजश्व संकलन हुने अनुमान गरिएकोमा फागुन मसान्तसम्म जम्मा राजस्व संकलन रु. ४२,९०,७५१.९४/- जुन प्रस्तावित आयको ३८.९१ प्रतिशत मात्र हुन आउँछ ।

**राहत वितरण तर्फ**

- फागुन मसान्त सम्म जम्मा २८ जना विपद प्रभावित एवम् जोखिमपुर्ण जीवन यापन गरीरहेका नागरिकलाई जम्मा रु.४,६४,०००/- राहत वितरण भएको छ ।

## जिन्सी शाखा

- विभिन्न शाखागत कार्यक्रम अनुसारका खरिद कार्यमा सहजीकरण ।
- उचित स्थानमा कार्यालयगत सामाग्रीहरुको भण्डारण एवं संरक्षण ।
- गाउँपालिकाद्वारा आयोजना हुने विभिन्न कार्यक्रममा व्यवस्थापकीय भूमिका निर्वाह गरिएको।
- कार्यालयका साधनहरुको लागि इन्धन वितरण तथा मर्मत सम्बन्धी कार्यमा सहजिकरण ।
- फाल्गुण मसान्तसम्म ४९ वटा खरिद सम्बन्धी कार्य PAMS बाट सञ्चालन गरिएको
- फाल्गुण मसान्तसम्म ६८ वटा जिन्सी दाखिला प्रतिवेदन तयार गरिएको
- ४८ वटा मर्मत संभार सम्बन्धी कार्य सम्पन्न गरिएको।

**समस्या तथा चुनौतीहरु :**

- बढ्दो मूल्य वृद्धिका कारण सिर्जित चुनौतिहरुको व्यवस्थापन गर्नु।
- दरवन्दी अनुसारको कर्मचारी पदपुर्ति नहुनु।
- प्रशासनिक कर्मचारीहरुको अभावले वडाबाट प्रवाह गरिने सेवा प्रभावित हुनु
- राजश्व संकलन न्यून हुनु र राजश्व बाँडफाँटको रकम तोकिए बमोजिम प्राप्त नहुँदा भुक्तानीमा कठिनाई ।
- सामाजिक अन्धविश्वास हटाउनु र बालबिवाह न्यूनीकरण गर्नु
- संस्थागत सुत्केरी सुनिश्चित गरी सुरक्षित मातृत्व सेवा प्रदान गर्नु।
- भौगोलिक जटिलता
- आम नागरिकमा फैलिएको चरम अविश्वासलाई मेटाइ विश्वास र भरोसाको वातावरण निर्माण गर्नु।

**सुझावहरु तथा निष्कर्षः**

- समग्र जनप्रतिनिधि र कर्मचारीहरुमा योजना, कार्यक्रम तथा वित्तीय व्यवस्थापनसम्बन्धी प्रशिक्षण, तालिमको व्यवस्था गर्ने।
- करका दायराहरु बढाई राजश्व संकलन बढाउनुपर्ने
- आयोजना तथा कार्यक्रमहरुको समयमै कार्यान्वयनको व्यवस्था मिलाउने ,
- उपभोक्ताहरुलाई क्षमता विकास तालिमको व्यवस्था गर्ने ।
- कर्मचारी पदपुर्तिका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने।
- योजना तथा कार्यक्रम कार्यान्वयनमा पारदर्शिता, दीगोपना र गुणस्तरीयता कायम गर्ने।
- विकास निर्माणमा आम नागरिकको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने।
- सकरात्मक सोंच र चिन्तनको विकासका लागि अभियान सञ्चालन गर्ने।
- प्राविधिक कर्मचारीहरुले विकास निर्माणजन्य कार्यको अनुगमन मूल्याङ्कन प्रभावकारी रुपमा गर्ने।
- शैक्षिक गुणस्तर वृद्धिका लागि विस्तृत विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने।

अन्त्यमा, यस महत्वपुर्ण कार्यक्रममा गाउँपालिकाबाट सम्पादित कार्यहरुको संक्षिप्त विवरण यहाँहरु समक्ष प्रस्तुत गरी नागरिकको सुसुचित हुन पाउने अधिकारको प्रत्याभुत गर्न पाउँदा हर्षानुभुति भएको छ। यस सुन्दर नौबहिनी गाउँपालिकालाई सभ्य, समृद्ध र खुसी बनाउने अभियानमा यहाँहरु सबैको रचनात्मक सल्लाह, सुझाव र सहकार्य रहनेछ भन्ने अपेक्षा सहित धन्यबाद व्यक्त गर्दछु।